नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

## प्रेस विज्ञप्ति

आज मिति २०७६ फागुन २८ गते नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजक माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको संयोजकत्वमा माननीय पूर्व प्रधानमन्त्रीज्यूहरू, संघीय संसदमा प्रतिनिधित्व गर्ने विभिन्न राजनैतिक दलका अध्यक्ष तथा वरिष्ठ प्रतिनिधिज्यूहरू, उच्चस्तरीय समन्वय समितिका सदस्य माननीय मन्त्रीज्यूहरू एवं अन्य विशिष्ट व्यक्तित्वहरूको उपस्थितिमा COVID-19 को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी सर्वदलीय बैठक सम्पन्न भयो । बैठकमा, नेपाल सरकारले यस संक्रमणको विरूद्धमा उच्च सतर्कता अपनाउदै अख्तियार गरेका चार रणनीति र सो अन्तर्गत संचालित, सम्पादित कृयाकलापहरू सहितको विस्तृत कार्ययोजनाको प्रस्तुति भयो । सरकारले आम नागरिकहरुलाई विश्वसनीय ढंगबाट स्वास्थ्य सेवा प्रवाह गर्ने र संक्रमणलाई प्रवेश हुनै नदिने व्यवस्था मिलाउने, नागरिकहरुमा सचेतना अभिबृद्धि गर्ने, निगरानी र क्वारेन्टाईनको स्थितिलाई अझै सुदृढ तुल्याउने र विरामीको उपचार तथा व्यवस्थापनलाई प्रभावकारी तुल्याउने रणनीति तथा कार्यक्रमहरु संचालनमा ल्याएकोमा बैठकका सहभागीहरुले उक्त कार्यहरुको सह्राना गर्दै सवै दलहरुको तर्फबाट सरकारलाई पूर्ण सहयोग हुने प्रतिवद्धता व्यक्त गरियो । बैठकमा उपस्थित विशिष्ट महानुभावहरुबाट प्राप्त भएका सुझावहरुको आधारमा कार्ययोजनालाई परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गरिने प्रतिवद्धता व्यक्त गरियो । माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूले मुलुकभित्र आपत-विपद्को समयमा सबै राजनीतिक दल एवं सरोकार पक्षहरुले एकबद्ध भई उच्च मनोवलका साथ कार्य गर्न र राष्ट्रिय एकता प्रदर्शन गर्ने नेपाली संस्कृति र परम्परालाई कायम राख्दै अघि बढ्न सवै पक्षलाई आह्वान गर्नुभयो । आम नागरिकहरुलाई यस संभावित संक्रमणको जोखिमको अवस्थामा स्वास्थ्यप्रति सचेत रहन हार्दिक अपिल गरिएको छ ।साथै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी हुने जनहितका सूचनाहरुलाई विषेश ध्यानमा राख्न अनुरोध गरिन्छ । ।

नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका तर्फबाट
सदस्य-सचिव, नारायणप्रसाद विडारी
सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np